मिति -२०८२/०३/०६ गते (शुक्रबार) स्थान - पो.म.न.पा.कार्यालयको सभाकक्ष बैठक संख्या -४७

समय - बिहान- ८ -०० बजे

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक पोखरा महानगरपालिका कार्यालयको सभाकक्ष तपशिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति

| सि.नं. | पद | पोखरा महानगरपालिका | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ | |
| ३ | सचिव | नि.प्र.प्रशासकीय अधिकृत | श्री हेम प्रसाद आचार्य | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ्ग | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बास्तोला | |

| | | | | |
|---|---|---|---|---|
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बाँनिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | | | | |

# पोखरा महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

न्यूरोड, पोखरा
गण्डकी प्रदेश, नेपाल

फोन नः ०६१-५५
Postal Code: 6X9P+4F Pokhara
ईमेलः info@pokharamun.gov.np
वेभसाइटः pokharamun.gov.np

पत्र संख्याः ०८१/८२
चलानी नं. १००४६

मितिः २०८२/०३/०१

श्री वडा अध्यक्षज्यूहरु,
वडा नं १ देखि ३३ (सबै)
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै),
पोखरा महानगरपालिका।

**विषयः उपस्थिति सम्बन्धमा।**

प्रस्तुत विषयमा पोखरा महानगरपालिकाका श्रीमान् नगर प्रमुखज्यूको निर्देशन अनुसार महानगर नगर कार्यपालिकाको ४७औं बैठक तपशिलको मिति, समय र स्थानमा बस्ने भएकोले यहाँको उपस्थितिका लागि निर्देशानुसार अनुरोध छ। साथै कार्यपालिका बैठकका कार्यसूची (एजेण्डा) निम्न बमोजिम छन्।

**तपशिलः**

मितिः २०८२ आषाढ ५ गते बिहीबार
समयः बिहान ११:०० बजे
स्थानः पोखरा महानगरपालिकाको सभाकक्ष।

**कार्यसूची(एजेण्डा)**

१. नगर कार्यपालिकाको ४६ औं बैठकको निर्णय सम्बन्धमा।
२. आर्थिक बर्ष २०८२/८३ को नीति तथा कार्यक्रम सम्बन्धमा।
३. आर्थिक बर्ष २०८२/८३ को बजेट वक्तव्य सम्बन्धमा।
४. आर्थिक विधेयक, २०८२ सम्बन्धमा।
५. विनियोजन विधेयक, २०८२ सम्बन्धमा।
६. विविध।

..........................
शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**पोखरा महानगरपालिका**

न्युरोड, पोखरा

**४७औं कार्यपालिका बैठक (मिति २०८२/०३/०६) का निर्णयहरुः**

**निर्णय नं १**

४६औं कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं २**

पोखरा महानगरपालिका विधायन समितिबाट सिफारिस भई आएको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य रणनीति तथा कार्ययोजना, २०८२ छलफल पश्चात् सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

पोखरा महानगरपालिका विधायन समितिबाट सिफारिस भई आएको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका प्रोत्सहान सम्बन्धी कार्यविधि, २०८१ (पहिलो संशोधन) तथा पोखरा महानगरपालिकाको बालअधिकार सम्बन्धी पञ्चबर्षीय रणनीतिक योजना २०८१-८५ छलफल पश्चात् सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट तर्जुमाको प्रगति सम्बन्धमा बैठकमा जानकारी प्रस्तुत गरियो ।

**निर्णय नं ५**

आ.व २०८१/०८२ को महालेखा परीक्षकको प्रतिवेदनमा औल्याइएका महानगरपालिकासँग सम्बन्धित विभिन्न विषयवस्तुहरुका सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं ६**

पोखरा महानगरपालिकाको विगत बर्षहरु देखि महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षणबाट अन्तिम लेखा परीक्षण पश्चात् प्रकाशन गरिने लेखा परीक्षण प्रतिवेदनमा औँल्याइएको सैद्धान्तिक,नियमित गर्नुपर्ने र असुल उपर गर्नुपर्ने सबै वेरुजुको विवरण संकलन र आवश्यक प्रमाण कागज खोजी गरी फछर्यौटका लागि सम्बन्धित निकायमा समन्यव गर्न बेरुजु डेस्क स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

पोखरा महानगरपालिकाको आन्तरिक स्रोत परिचालन गर्न करका दरहरु पुनरावलोकन, स्रोत पहिचान दायरा विस्तार गरी राजस्व संकलन कार्य अभियान रुपमा सञ्चालन गर्नका लागि विज्ञ सहितको विशेष समिति गठन गरी समितिले दिएको राय सुझावका आधारमा कर संकलन कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं ८**

पोखरा महानगरपालिका वडा नं. २५ मा निर्माणाधिन मानव सेवा आश्रम भवनको लागि महानगरपालिकाबाट विनियोजित गरिएको रु. **एक करोड सत्तरी लाख** रकम मध्ये बोलपत्र आह्वान गर्दा प्रतिस्पर्धामा घटेको रकमबाट बजेट व्यवस्थापन गर्ने गरी मानव सेवा आश्रमलाई एक थान सवारी साधन उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ९**

पोखरा महानगरपालिका उपचार खर्च, राहत तथा आर्थिक सहायता सम्बन्धी मापदण्ड २०८० बमोजिम गठित समितिको विभिन्न मितिको बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

पोखरा महानगरपालिका स्वास्थ्य व्यवस्थापन समितिको निर्णय बमोजिम नेपाल सरकारले तोकेको नि शुल्क औषधि स्वास्थ्य संस्थामा बर्षै भरि नियमित उपलब्ध हुने व्यवस्था गर्न आवश्यक भएकोले चालु आ.व.मा महानगरपालिकाबाट कायम दररेट बमोजिम नै आगामी आ.व.का लागि स्रोत सुनिश्चित् गरी संघीय सशर्त समेत १,०५,००,०००।- (एक करोड पाँच लाख रुपैंया मात्र) बहुवर्षिय ठेक्का अन्तर्गत औषधि खरिद प्रक्रिया अगाडि बढाउन स्वास्थ्य महाशाखालाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ११**

चीनको मितेरी शहर लिन्जीबाट प्राप्त निमन्त्रणा बमोजिम पोखरा-लिन्जी सिधा उडानबाट कार्यक्रममा भाग लिन सहभागी भएका तपशिल बमोजिम जनप्रतिनिधिहरुको जाँदा र फर्कदाको हवाई टिकट बमोजिमको यातायात खर्च रकम महानगरपालिकाबाट भूक्तानी दिने निर्णय गरियोः

क) दीपक सुवेदी- वडा अध्यक्ष,वडा नं. २१,
ख) विष्णु प्रसाद घिमिरे- वडा सदस्य,वडा नं. ११,
ग) विकास आचार्य – वडा सदस्य,वडा नं. १९,
घ) डाल्डा देवी भुजेल- वडा सदस्य,वडा नं. २८।

**निर्णय नं १२**

नगर सभा तथा कार्यापालिका बैठकहरुमा वडा अध्यक्ष,कार्यपालिका सदस्य तथा वडा सदस्य,कर्मचारीहरु,सुरक्षाकर्मी तथा अन्य आमन्त्रीत व्यक्तिहरुलाई खाजा/खाना तथा चिया/पानी लगायतका कार्यहरुमा भण्डार शाखामा सेवा प्रदायकहरुबाट पेश हुन आएका दररेट बमोजिम सबैभन्दा कम दररेट पेश गर्ने सेवा प्रदायकसँग सेवा खरिद गरी कार्यक्रम सञ्चालन गर्न स्वीकृती प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं १३**

महानगरपालिका अन्तर्गत बहुवर्षिय योजना कार्यान्वयनमा रहेका वडा नं. ५, ८, १४, १६, १७, १९, २०, २२, २४, २५, २६, २८ र ३३ का वडाहरुमा वडास्तरिय बजेट सिलिङको अलावा महानगरपालिकाबाट रु साठी लाखका दरले बजेट विनियोजन गर्ने र बहुवर्षिय योजना सञ्चालन नभएका उल्लिखित वडाहरु बाहेक अन्य वडाहरुमा रु नब्बे लाखका दरले बजेट विनियोजन गर्न नगर सभामा सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं १४**

पोखरा महानगरपालिका वडा नं ८ निवासी श्री खुशीमान गुरुङले आफ्नो नाममा दर्ता कायम रहेको जिको ईन्जिनियरिङ कन्सल्टेन्सी महानगरपालिकामा सुचिकृत गराउँदा धरौटी खातामा जम्मा गर्नुपर्ने रकम राजश्व खातामा जम्मा गरेको भनी धरौटी रकम फिर्ता माग निवेदन पेश गर्नुभएकोमा निजको कन्सल्टेन्सीले महानगरपालिकामा बुझाउनुपर्ने राजश्व लगायत अन्य दायित्व छ/छैन एकिन गरी बक्यौता/दायित्व देखिएमा सो बराबरको रकम कट्टा गरी राजश्व खातामा जम्मा गर्ने र कुनै दायित्व नदेखिएमा रकम फिर्ता गर्ने निर्णय गरियो।

**निर्णय नं १५**

महानगरको आर्थिक बर्ष २०८१/०८२ को बार्षिक विकास कार्यक्रममा समावेश भएका आयोजनाहरुमा विनियोजित बजेट रकमान्तर/कार्यक्रम संशोधन/परिमार्जन/शिर्षकान्तर तथा नयाँ योजनामा बजेट व्यवस्था गर्नका लागि वडा कार्यालयहरु र महाशाखाहरुबाट पेश हुन आएका आयोजना तथा कार्यक्रमहरुको बजेट रकमान्तर/कार्यक्रम संशोधन/परिमार्जन/शिर्षकान्तर तथा नयाँ योजनामा बजेट व्यवस्था गर्ने सम्बन्धमा नगरसभाबाट नगर प्रमुखलाई जिम्मेवारी प्रदान भएबमोजिम तपशिल बमोजिमका आयोजना/कार्यक्रमहरुमा बजेट रकमान्तर/कार्यक्रम संशोधन/परिमार्जन/शिर्षकान्तर/बजेट व्यवस्था स्वीकृत गर्ने

निर्णय गरियो । बजेट रकमान्तर/कार्यक्रम संशोधन/परिमार्जन/शिर्षकान्तर/बजेट व्यवस्था गरिने आयोजना/कार्यक्रमहरुको विवरण अनुसुची -१ वमोजिम रहेको छ ।

**निर्णय नं १६**

पोखरा महानगरपालिका र BNT Construction वीच मिति २०८०/०२/०१ मा भएको ठेक्का सम्झौता बमोजिम महानगरपालिकाको वडा नं १० मा सडक नाला निर्माण लगायत सडक स्तरोन्नति गर्न सो क्षेत्रमा सडक मापदण्ड अतिक्रमण गरी निर्माण भएका स्थायी/अस्थायी घर टहरा लगायतका संरचनाहरु हटाउन स्थानीय बासिन्दाबाट अवरोध भएको र सोही कारण देखाई निर्माण व्यवसायीबाट सुविस्ताका आधारमा ठेक्का रद्द गरिदिन मिति २०८०/०७/२८ मा अनुरोध भएको र १० नं. वडा कार्यालय समेतबाट ठेक्का रद्द गरिदिन मिति २०८०/११/१४ मा सिफारिश भएको सम्बन्धमा चालु ठेक्का रद्द गरी नयाँ ठेक्का आव्हान गर्दा त्यसको औचित्य, आधार र कारण स्पष्ट हुनु पर्ने समयको कारण आयोजना कार्यान्वयनमा ढिलाई हुने एवं आयोजनाको लागत बढ्न जाने हुँदा निर्माण व्यवसायी BNT Construction बाटै निर्माण कार्य गराउने भनी पोखरा महानगरपालिकाको मिति २०८१/०१/२८ को ४५औं कार्यपालिका बैठकबाट निर्णय गरी निर्णय कार्यान्वयनका लागि पूर्वाधार विकास महाशाखा र १० नं वडा कार्यालयमा पत्राचार भएकोमा वडा कार्यालय र निर्माण व्यवसायिक कम्पनी BNT Construction समेत बाट मापदण्ड सम्बन्धी स्थानीय अवरोधका कारण ठेक्का रद्ध गर्न सिफारिस भई आएको तथा महानगरबाट समेत योजना कार्यान्वयनका लागि सहजीकरण गर्ने प्रयास भएकोमा स्थानीय अवरोधका कारण आयोजना कार्यान्वयन गर्न असहज देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ बमोजिम पोखरा महानगरपालिका र BNT Construction वीच मिति २०८०/०२/०१ मा भएको ठेक्का सम्झौता सुविस्ताका आधारमा रद्ध गर्ने निर्णय गरियो ।

**निर्णय नं १७**

पोखरा महानगरपालिका वडा नं १३ निवासी प्रविना रानाभाटले कित्ता नं २०, क्षेत्रफल २७५ ब.मी. जग्गामा नयाँ घर निर्माणका लागि मिति २०८०/०३/१९ मा नक्सा पेश गरेकोमा अस्थायी इजाजत पत्र समेत नलिई घर निर्माण भै सकेको प्राविधिक स्थलगत निरीक्षणबाट देखिएको र उक्त घर अभिलेखिकरण एवं कर समायोजन गरी पाउन मिति २०८२/०१/३० मा निजबाट निवेदन पेश भएको हुँदा यसअघि निवेदकबाट दाखिला भएको नक्सापास र जरिवाना रकम समायोजन गर्ने सम्बन्धमा गण्डकी प्रदेशको कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५ को परिच्छेद-६ को दफा २६(१) र (२) बमोजिम निज प्रविना रानाभाटले दाखिला गरेको जरिवाना रकम, फाराम/पुस्तकको रकम बाहेक नक्सापास रकम रु १,२३,९१५।५० मात्र घरनक्सा अभिलेखिकरण रकममा समायोजन गरी बाँकी रकम रु ३,१२,८६१।६४ दाखिला गर्न लगाई घरनक्सा अभिलेखिकरण प्रक्रिया अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १८**

पोखरा महानगरपालिका स्वास्थ्य महाशाखा अन्तर्गत सहरी स्वास्थ्य केन्द्रमा परामर्श सेवा खरिद मार्फत कार्यरत मेडिकल अधिकृत डा. श्री विशाल सुवेदीले प्राप्त गर्ने सेवा सुविधाका सम्बन्धमा स्वास्थ्य महाशाखा अन्तर्गतको खर्च केन्द्रमा सेवा तथा परामर्श खर्च शिर्षकमा रकम विनियोजन भएको नदेखिएको भनी स्वास्थ्य महाशाखाबाट पेश भएको हुँदा सोही महाशाखाको बजेट उप शिर्षक नं ८०४३९२०११०० खर्च शिर्षक २२४१३ करार सेवा करार कर्मचारी तलब शीर्षकमा विनियोजित रकमबाट खर्च शिर्षक नं २२४११ सेवा तथा परामर्श शिर्षकमा रु २०००००।- (अक्षरुपी दुई लाख मात्र) रकम रकमान्तर गरी सेवा बापतको रकम भुक्तानी गर्न स्वास्थ्य महाशाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १९**

तत्कालिन् पोखरा उप महानगरपालिकाको मिति २०५७/०५/०३ गतेको निर्णयानुसार मित्रराष्ट्र चिनको हांग्जु शहरमा भएको उच्चस्तरीय क्षेत्रीय सम्मेलनमा सहभागी हुन उप महानगरपालिकाका तत्कालिन् उप प्रमुख श्री मान बहादुर गुरुङ्गको नेतृत्वमा तत्कालिन् ईन्जिनियर पूर्ण बहादुर गुरुङ्ग सहित ७ (सात) जनाको भ्रमण टोली सहभागी हुन गएकोमा भ्रमण खर्च बापत तत्कालिन् ईन्जिनियर पूर्ण बहादुर गुरुङ्गले रु ३,५८,०००।- पेश्की रकम लिएको देखिएकोमा हाल निजबाट मिति २०८२/०२/२७ मा पेश्की फछ्यौंट गरिपाँउ भनी आवश्यक कागजातहरु सहित निवेदन पेश हुन आएको र यस सम्बन्धमा लेखा समितिबाट समेत पेश्की फछ्यौंट गरिदिन नगर सभामा पेश गरिदिन सिफारिस भई आएकोले निजले पेश्की बापत लिएको रकम पेश भएका प्रमाण कागजातका आधारमा फछ्यौंट गर्न ठहर भएबमोजिमको रकम पेश्झी फछ्यौंट गरिदिन नगर सभामा सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं २० (पूरक)**

मिति २०८२/०२/२ को ४६औं कार्यपालिका बैठकबाट Chinese TCM Training Activities मा सहभागी हुन आयूर्वेद शाखामा कार्यरत कविराज निरीक्षक श्री प्रदिप क्षेत्रीलाई मनोनयन गरी पठाइएकोमा निजको आतेजाते यातायात खर्च भिसा फि र बीमा प्रिमियम रकम महानगरबाट व्यहोर्ने निर्णय गरियो।

## आ.व २०८१/०८२ वडागत/महाशाखागत कार्यक्रम संशोधन/रकमान्तर अनुसुची -१

| क्र.स | शिर्षक | वडा | विनियोजित रकम | थप हुने रकम | घट रकम | रकमान्तर पछिको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | वन पोखरी प्रतिक्षालय | ३१ | १५० | ० | १५० | ० | |
| | सिम्ले क्रियापुरी भवन | ३१ | १०० | ० | १०० | ० | |
| | गोलमारग स्तरोन्नति | ३१ | २०० | ० | २०० | ० | |
| | सुमी चौतारा तावास्वाँरा सडक | ३१ | २०० | ० | २०० | ० | |
| | सुन्दरीडाँडा माझिकुना बाटो ढलान | ३१ | १५० | ० | १५० | ० | |
| | खनास्वारा आमा समूह | ३१ | १०० | ० | १०० | ० | |
| | मजुवा कलौदी कुलो निर्माण | ३१ | २०० | ० | २०० | ० | |
| | १. साना किसान ठुलढुँगा सडक ढलान/पिच | ३१ | ० | ११०० | ० | ११०० | |
| २ | चिप्लेटी कुलो मर्मत | ३१ | १०० | ० | १०० | ० | |
| | गैरी गाउ कदमकोट मुल तथा ट्याङ्की मर्मत | ३१ | १५० | ० | १५० | ० | |
| | ड्याम साइड पिप्ले बाटो रेलिङ | ३१ | १५० | ० | १५० | ० | |
| | भानु चौतारा सुन्दर बस्ती ठाडो बाटो | ३१ | १०० | ० | १०० | ० | |
| | त्रिशुलडाँडा चौर बाटो स्तोन्नति | ३१ | १०० | ० | १०० | ० | |
| | १. देउराली मन्दिर हुदै थापागाँउ सडक ढलान | ३१ | ० | ६०० | ० | ६०० | |
| ३ | अन्तराष्ट्रिय म्याराथुन प्रतियोगिता सञ्चालन सहायता कार्यक्रम | शिक्षा | ३००० | ० | ४०० | २६०० | |
| | १. छात्रवृत्ति परिक्षाका लागि OMR Machine खरिद | शिक्षा | ८०० | ४०० | ० | १२०० | |
| ४ | भैरव अर्याल प्रतिमा तथा पार्क निर्माण योजना | २६ | २०० | ० | २०० | ० | |
| | १. स्वर्णिम आमा समूहको भवनमा ट्रष्ट निर्माण | २६ | ० | २०० | ० | २०० | |
| ५ | वडा भरिका सिडी बाटो निर्माण खर्च | २६ | ३०० | ० | ३०० | ० | |
| | १. सक्नेरी भिर तारबार बाँकी खण्ड ख | २६ | ० | ३०० | ० | ३०० | |
| ६ | तालहरुमा फुटट्रयाक तथा सिडिँ निर्माण योजना | २६ | ९९० | ० | ९९० | ० | |
| | १. एकता मार्ग(आशिर्वाद मार्ग street no. १) | २६ | ० | ८०० | ० | ८०० | |
| | २. सक्नेरी पार्क फुटट्रयाक निर्माण | २६ | ० | १९० | ० | १९० | |
| ७ | वडा भित्रका ताल पोखरी संरक्षण एवं फुटट्रयाक निर्माण | २६ | १००० | ० | १००० | ० | |
| | १. वडा भित्रका ताल सरसफाई एवं फुटट्रयाक निर्माण | २६ | ० | ५०० | ० | ५०० | |
| | २. सक्नेरी पार्कमा फुटट्रयाक निर्माण बाँकी खण्ड ख | २६ | ० | ५०० | ० | ५०० | |
| ८ | बासकोट वडा कार्यालय पामे राउसेआडार र रामकुना चिलिमेडाँडा सडक २४ क्रमागत | पूर्वाधार | १७६२२ | ० | १०००० | ७६२२ | |
| | सुईखेत खोला पुल | पूर्वाधार | १४००३ | ० | ५००० | ९००३ | |
| | लौरुक पुल | पूर्वाधार | ५००० | ० | ४००० | १००० | |
| | घार्मी खोला पुल | पूर्वाधार | ५००० | ० | ३९०० | ११०० | |
| | १. सिलिङ्गे साघुकोमुख ढल्केपुल सडक १३, २६ | पूर्वाधार | २४५०० | ६८०० | ० | ३१३०० | |
| | २. डुम्रिबोट काफलघारी सुक्रेमैदान सडक स्तरोन्नति | पूर्वाधार | १३००० | ८०० | ० | १३८०० | |
| | ३. फिर्केखोला पुल ५-८ राधाकृष्ण मन्दिर) | पूर्वाधार | २३००० | १०००० | ० | ३३००० | |
| | ४. चैनपुर सातमुहाने सहलगानी खानेपानी आयोजना | पूर्वाधार | १३००० | ३०० | ० | १३३०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ५. बुढीबजार देखि खराने राखिडाँडा सुर्केमैदान सडक स्तरोन्नति क्रमागत | पूर्वाधार | १८००० | ५००० | ० | २३००० | |
| ९ | झोलुङ्गे पुल काले खोला सेती दोभान | पूर्वाधार | ५३७२ | ० | ९०० | ४४७२ | |
| | ढाडघट्ट सोलीदह पुल पोखरा २२ | पूर्वाधार | ५००० | ० | ४००० | १००० | |
| | खुदीखोला पुल पहिलो क्रमागत | पूर्वाधार | ११७८ | ० | ७६० | ४१८ | |
| | १. झोलुङ्गे पुल (भुर्जुङखोला, अलैचे सुरौदी खोला) निर्माण कार्यक्रम | पूर्वाधार | ० | ५५६० | ० | ५५६०९ | |
| १० | पुष्करिणी परोपकार गोकुलधाम बोरिङ पानी उत्खनन् | १४ | २५०० | ० | २५०० | ० | |
| | १. बोरिङ उत्खनन् रकम | १४ | ० | १००० | ० | १००० | |
| | २. भूमिगत पानी ट्याङ्की तथा पाईप लाईन विस्तार | १४ | ० | १५०० | ० | १५०० | |
| ११ | शुक्रराज बलभद्र मा.वि.मा सार्वजनिक शौचालय निर्माण | ३२ | ५०० | ० | ५०० | ० | |
| | १. नमुना मार्ग लेन नं ९ को बाटो ढलान | ३२ | ० | ५०० | ० | ५०० | |
| १२ | गगनगौडा खानीपानी लिफटिंग (सेराबेसी-गुहेखोला) | ३२ | १२०० | ० | १२०० | ० | |
| | १. तल्लो गगनगौंडा खानीपानी पाइपलाईन विस्तार योजना | ३२ | ० | १२०० | ० | १२०० | |
| १३ | उद्योग वाणिज्य संघ तथा मुक्तिनाथ कृषि कम्पनीको साझेदारीमा कृषि कम्प्लेक्स स्थापना कार्यक्रम | आर्थिक विकास | १००० | ० | १००० | ० | |
| | १. पुष्प खेति प्रवर्द्धन कार्यक्रम | आर्थिक विकास | ३०० | १००० | ० | १३०० | |
| १४ | दादेफाँट खुदीखोला कल्भर्ट मर्मत | पूर्वाधार | ३०० | ० | ३०० | ० | |
| | दादेफाँट खुदीखोला वरीपरी सडक स्तरोन्नति | पूर्वाधार | ० | ३०० | ० | ३०० | |
| १५ | धारापानी कृयापुत्री भवन निर्माण पोखरा १८ | १८ | १००० | ० | १००० | ० | |
| | १. सौरैखोला चौरपाखा मोटरबाटो पोखरा १८ | १८ | ० | १००० | ० | १००० | |
| १६ | शान्ती टोलमा कलभर्ट निर्माण | १ | १००० | ० | १००० | ० | |
| | श्री बाल गोपाल भजन गुठी भवनमा भर्याङ निर्माण तथा मर्मत सम्भार | १ | ० | १००० | ० | १००० | |
| १७ | पो.म.न.पा. वडा नं १ को वडा स्तरीय बजेट उप शिर्षक नं ८०४३९२०१२०१(खेलकुद कार्यक्रम) | १ | ३०० | ० | १५० | १५० | |
| | १. पो.म.न.पा. वडा नं १ दोस्रो विद्यालय स्तरीय छात्र/छात्रा रनिङ्ग शिल्ड तथा खेलकुद प्रतियोगिता | १ | ० | १५० | ० | १५० | |
| १८ | मधुको खोल्सा सडक मर्मत | १६ | १००० | ० | १००० | ० | |
| | १. स्यालधारी भित्री सडक निर्माण | १६ | ० | १००० | ० | १००० | |
| १९ | विपद् व्यवस्थापन | ४ | १००० | ० | २०० | ८०० | |
| | १. बहुउद्धेश्यीय भवनमा शिशा सिलिङ जडान | ४ | ० | २०० | ० | २०० | |
| २० | शुभकामना खेलाडी तथा विद्यार्थी सम्मान | २९ | २०० | ० | २०० | ० | |
| | सार्वजनिक जगा संरक्षण | २९ | ३०० | ० | ५० | २५० | |
| | सामुदायिक विद्यालय व्यवस्थापन समितिलाई अवलोकन भ्रमण | २९ | १०० | ० | १०० | ० | |
| | सरसफाई कार्यक्रम खर्च | २९ | ४०० | ० | २०० | २०० | |
| | १. न्युस्ट्रिट निर्माण योजना | २९ | ० | ३०० | ० | ३०० | |
| | २. महिला उद्घोषण तालिम | २९ | ० | ५० | ० | ५० | |
| | ३. नौविसे झलकको घरजाने बाटो निर्माण | २९ | ५०० | २०० | ० | ७०० | |